"चामे गाउँपालिका समृद्धि र विकासको द्वार, पर्यटन, कृषि र जलश्रोत मुल आधार"

# चामे गाउँपालिकाको १९ औं गाउँसभामा

गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्रबहादुर घलेज्यूबाट

प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

# चामे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चामे, मनाङ

गण्डकी प्रदेश, नेपाल

वि.सं. २०८३ साल असार ०९ गते

**गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी एवं उपस्थित महानुभावहरु,**

१. चामे गाउँपालिकाको गरिमामय १९ औं गाउँ सभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण महानुभावलाई प्रथमतः स्वागत गर्न चाहन्छु। चामे गाउँपालिकाको यस गरिमामय गाउँसभासमक्ष चामे गाउँ कार्यपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा ज्यादै हर्ष र गौरव महसुस गरेको छु ।

२. सर्वप्रथम, लोकतन्त्रको बहाली, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्वान्जली अर्पण गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको माध्यमवाट आम जनताको घर-घरमा स्थानीय सरकारको स्वरुपमा ल्याउन योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

प्रत्येक चामे गाउँपालिकाबासीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरब बोध गराउनः जनतामा पालिकाप्रति थप आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता बढाउन, सुशासन प्रवर्द्धन गर्न र दण्दहीनता अन्त्य गर्न चामे गाउँपालिका सदैब प्रतिबद्ध छ।

गाउँसभा सदस्यहरु,

३. चामे गाउँपालिका वासीहरूले अनुमोदन गरेको दोश्रो कार्यकालको चौथो वर्ष सफलतापूर्वक पूरा गरी पाचौ वर्षमा प्रवेश गर्दा हामी पालिकावासीहरूको अनुहारमा आशा, विश्वास र सकारात्मकताको झल्को देखिरहेका छौं। हाम्रो ध्यान क्षणिक लोकप्रियता प्राप्तिमा मात्र नभई, चामे गाउँपालिकाको सुरक्षित, समृद्ध र गर्विलो भविष्य निर्माणका लागि बलियो आधार तयार गर्नमा केन्द्रित रहँदै आएका छौ। आगामी दिनहरूमा पनि हामी यही मार्गमा अघि बढ्ने प्रतिबद्धता लिएका छौं।

४. हाम्रा शुरुका दिन संविधानले प्रदत्त गरेका अधिकार बमोजिम कार्यसम्पादन नियमावली र कार्य विभाजन नियमावली बनाउन तथा सो बमोजिम अगाडी बढ्नमा नै व्यतित भए।हामीले बार्षिक बजेट, आर्थिक विद्येयक र विनियोजन विद्येयक गाउँसभाबाट पारित गऱ्यौं। हामीमा हिम्मत थपिदै जाँदा नीति तथा कार्यक्रम अनुसार वार्षिक बजेट कार्यान्वयन गर्न थाल्यौं। हामी थप उत्तरदायी र जिम्मेवार बन्दै गयौं। यसरी हामीले हाम्रो समय सिक्न र कार्य व्यवहार सम्हाल्नमा उपयोग सिद्व भयो। स्थानीय निर्वाचन, २०७९ पछिको चामे गाउँपालिकाको उन्नाईसौं गाउँसभाको सम्बोधन गरिरहँदा विगत वर्षको तुलनामा हामी जनता प्रति जिम्मेवारी वोध, कार्यसम्पादनमा परिपक्वता, कार्यकौशलता तथा सिपको विकास भई आत्म विश्वास बढेको अनुभूती भएको छ।

५. "राजनीतिक नेतृत्वले जनभावना अनुसार नीति निर्माण गर्ने र कर्मचारीतन्त्रले त्यसलाई कार्य व्यवहारमा उतार्ने " सिद्वान्त अनुसार हाम्रो यस चामे गाउँपालिका क्षेत्र भित्रको विकास निर्माणका साथै जनताको आर्थिक तथा सामाजिक विकासका लागि सबैले इमान्दारिता, जिम्मेवारी तथा वफादारीका साथ भुमिका निर्वाह गरे मात्र सुशासन, विकास र समृद्धिको यात्रा सहज भई हाम्रो सपना **"चामे गाउँपालिका समृद्धि र विकासको द्वार, पर्यटन, कृषि र जलश्रोत मुल आधार"** साकार हुने मेरो बुझाई रहेको छ ।

**आर्थिक वर्ष २०८२।०८३ को नीतिको समिक्षा**

१. वडा नं.२ को कार्यालय भवन सम्पन्न हुने क्रममा रहेको छ ।
२. चामे गाउँपालिकाको वडा नं. ४ र ५ मा सडक विस्तार कार्य टेण्डर भई पूर्वाधार विकास कार्यालयले कार्य अगाडि बढेको छ ।
३. चामे गाउँपालिकाको छार्ताङमा फोहोर संकलन केन्द्र ट्रस निर्माण सम्पन्न भई संचालनमा आएको छ ।
४. चामे गाउँपालिकाको वडा नं. ३ मा रहेको कोतो हेलिप्याड निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
५. चामे गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको विकास गर्न गाउँ शिक्षा योजना निमार्ण भएको छ ।
६. चामे स्वास्थ्य चौकी थानचोकको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
७. गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा सूचना अधिकारी तोकी सूचनाको हक कार्यान्वयन भईरहेको छ ।
८. वडा स्तरीय पुर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम सँगै पालिका स्तरीय पुर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम गरिएको छ ।
९. चामे गाउँपालिका भित्र वडा नं. ३, ४ र ५ को फोहोरमैला व्यवस्थापन सम्बन्धी गाउँपालिकाको ट्याक्टर प्रयोगमा ल्याई निरन्तर रुपमा फोहोर उठाउन कार्य गरिएको छ साथै फोहोर वर्गीकरण गरी ACAP सगँको समन्वयमा पोखरा औद्योगिक क्षेत्र समेत पठाईएको छ ।
१०. चामे गाउँपालिकामा सुरक्षित आप्रवासन र मनोसामाजिक परामर्श (SAMI) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुलाई परामर्श दिने कार्यक्रम भईरहेको छ ।
११. चामे गाउँपालिका अन्तर्गत रहेको लोकप्रिय मा.वि. र गौरी शंकर मा.वि.मा स्मार्ट वोर्ड वितरण गरी प्रविधि मैत्री वनाईएको छ ।

अब म चामे गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्न गईरहेको छु।

गाउँपालिकाको दीर्घकालीन सोच "कृषि, पर्यटन र जलाधार, चामे समृद्धिको आधार" रहेको छ। यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन ।

१. बजार तथा उपभोक्तामुखी कृषि प्रणालीको विकास मार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी, दिगो, आत्मनिर्भर र निर्यातमुखी बनाउने,
२. नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विविधीकरण गर्दै पर्यटकीय पुर्वाधारको विकास र पर्यटकीय सेवालाई गुणस्तरीय, सुरक्षित र विश्वासिलो बनाउने,

गाउँपालिकाले लिएका माथि उल्लेखित रणनीति कार्यान्वयन गर्न देहायका नीतिहरु अवलम्बन गरिने छ ।

**शिक्षा सम्बन्धी नीति**

१. विद्यालय आवासीय कार्यक्रमलाई रकम थप गरी व्यवस्थित गरी निरन्तरता दिईनेछ ।
२. स्थानीय पाठ्यपुस्तक (कक्षा १-५) लाई रङ्गिन किताब छपाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
३. वाल शिक्षामा कार्यरत शिक्षकहरुको सेवा सुविधाहरुलाई निरन्तरता दिइने छ ।
४. लोकप्रिय मा.वि.मा प्राविधिक धारतर्फ संचालित शैक्षिक कार्यक्रमलाई थप व्यवस्थित गर्दै उत्पादित सामाग्रीलाई प्याकेजिङ तथा प्रवर्दन गर्न आर्थिक सहयोग गरिने छ ।

५. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई क्षमता विकास, स्मार्टवोर्ड प्रयोग तथा ल्यापट वितरण गरी प्रविधिमैत्री, डिजिटल मैत्री शिक्षण सिकाई संचालन गरिने छ ।
६. शिक्षक र विद्यार्थीको प्रतिभा पहिचानको लागि विभिन्न कार्यक्रम संचालमा ल्याईनेछ ।
७. शिक्षक र विद्यार्थिहरुको कार्यालय तथा कक्षाकोठा थप व्यवस्थापन गर्न फर्निचर खरिद गरिने छ ।
८. शिक्षक र विद्यार्थिहरुको क्षमता विकास तथा असल अभ्यास आदान प्रदान गर्ने कार्यक्रमलाई जोड दिइनेछ ।
९. चामे गाउँपालिकाको गाउँ शिक्षा योजनालाई कार्यान्वयन गरिने छ ।
१०. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिकाको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुलाई परिचालन गरिने छ ।

**स्वास्थ्य सम्बन्धी नीति**

१. चामे स्वास्थ्य चौकी थानचोकको भवन निर्माण सम्पन्न गरी ल्याब सेवा समेत संचालनमा ल्याईने छ ।
२. प्रदेश अस्पताल तथा चामे गाउँपालिकाबीच समन्वय तथा सहकार्य गरी सदरमुकामको स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाईने छ ।
३. नसर्ने रोग सम्बन्धी मासिक जाचँ तथा अभिमुखिकरण कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
४. महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरुको वार्षिक, अर्धवार्षिक समिक्षा र दिवस मनाउनलाई निरन्तरता दिईने छ ।
५. बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तरता दिईने छ ।
६. प्राथमिक उपचार सम्बन्धी वडाहरुमा तालिम संचालनको व्यवस्था गरिने छ ।

७. ASRH सम्बन्धि स्वास्थ्यकर्मिहरुलाई तालिम विद्यालय र स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखिकरण गरी १ बर्ष भित्रमा तिमाङ आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा केन्द्र प्रमाणिकरण गरिने छ ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

१. चामे गौरवको आयोजना कजिनसारा जाने पदमार्ग निर्माण कार्य, थानचोक खानेपानी निर्माण कार्य र थानचोक बस्ती संरक्षण कार्य योजना अगाडि बढाईने छ ।
२. चामे गाउँपालिकाको वडा नं. १,२,३,४ र ५ को सडक सुधार गरी सहज रुपमा आवत जावत गर्ने व्यवस्थामा साना २ पाङ्ग्रे, ३ पाङ्ग्रे सवारी साधन लाई चल्ने वातावरण मिलाईनेछ ।
३. चामे गाउँपालिकाको सिटिहलमा साउण्ड एब्जबर जडान कार्य सम्पन्न गरिने छ ।
४. सार्वजनिक बस संचालन गर्न निजि क्षेत्र सँग समन्वय गरी चामे देखि वेशिसहर सम्म नियामित वस संचालन गर्न पहल गरिने छ ।
५. गाउँपालिका क्षेत्र भित्रका जनतालाई आवत जावत सहज गर्न तीन पाङग्रे (अटो) संचालनमा ल्याई युवालाई प्रोत्साहन गरी रोजगारीको सिर्जना गरि संचालनमा भएको तीन पाङ्ग्रे (अटो) लाई कानुनको दायारमा ल्याईनेछ ।
६. हालसम्म भएका विकास निर्माण कार्यहरु तथा अन्य क्रियाकलापको वृतचित्र निर्माण गरी अभिलेखिकरण गरिने छ ।
७. चामे गाउँपालिकाको बढ्दो सवारी चाप तथा अव्यवस्थित पार्किङ व्यवस्थापनको लागि चामे बस पार्क निर्माण सम्पन्न गरी संचालनमा ल्याईने छ ।

८. चामे गाउँपालिकाको वजार क्षेत्रमा विधुत तथा एबिसि तार व्यवस्थापन गरी व्यवस्थित रुपमा विधुत संचालान गरिने छ।

## साँस्कृतिक तथा पर्यटन सम्बन्धी नीति

१. चामे गाउँपालिकाको पर्यटकिय स्थलहरु तथा विभिन्न पदमार्गहरुको पहिचान, प्रवर्द्धन गर्नको लागि पर्यटन गुरुयोजना निर्माण र पर्यटन हबको रुपमा विकास गर्न "चामे पर्यटन बर्ष २०८३" मनाईने छ ।

२. चामे गाउँपालिकाको वडा ४ र ५ मा पर्टकलाई आकर्षण गर्न झिलिमिलि बत्तिहरु सडकमा जडान गरीने छ ।

३. गाउँपालिकाभित्र मनाईने लछ्याङ दज्याङ पर्वलाई प्रवर्दन गर्न निरन्तरता दिईने छ।

४. चामे गाउँपालिका भित्रका महिला समुहलाई आवश्यक सामाग्री खरिद गरी वितरण गरिने छ।

५. गाउँपालिका भित्रको साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण कार्यलाई अगाडि वढाईने छ ।

६. चामे गाउँपालिकामा गुरु पध्म सम्भव पार्क निर्माण गर्ने कार्य सम्पन्न गरिने छ ।

७. पारिचामे तातो पानी कुण्डलाई व्यवस्थित गरी उपयोगमा ल्याइने छ ।

**८.** चामे गाउँपालिकाको पर्यटकिय क्षेत्रहरुको पहिचान तथा भएका क्षेत्रहरुको विभिन्न सामाजिक माध्यमवाट (युटुव, फेसबुक, भ्लग) प्रचार प्रसार गर्ने कार्य गरिने छ ।

## फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति

१. गाउँपालिका क्षेत्र भित्रको फोहोरमैलाको दिगो व्यवस्थापनको लागि फोहोर संकलन, ढुवानी र रुपान्तरण कार्यलाई व्यवस्थित ढङ्गले अगाडि

बढाउनुका साथै फोहोमैला प्रशोधन गर्न मेशिनरी उपकरण खरिद भएको प्रयोगमा ल्याईने छ ।

२. यस चामे गाउँपालिकामा ट्याक्टरको प्रयोग गरी ५ वटै वडाहरुमा फोहोरमैला व्यवस्थापन कार्य अगाडी बढाईनेछ ।

३. चामे गाउँपालिकाले कुहिने र नकुहिने फोहोरमैला छुट्याई फोहोरमैलालाई उचित व्यवस्थापन गरिने छ ।

४. गाउँपालिकामा फोहोरमैलामा कार्यरत कर्मचारीहरुको स्वास्थ्य विमा गर्न आवश्यक व्यवस्था गरिने छ ।

**संस्थागत विकास तथा सुशासन सम्वन्धी नीति**

१. गाउँपालिका भित्रको कर्मचारी व्यवस्थापन गरी संगठनलाई चुस्त दुरुस्त राख्न गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८३ कार्यान्वयन गरिने छ।

२. गाउँपालिकाको दिवसको अवसरमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिने छ ।

३. वडा कार्यालय, सामुदायिक विद्यालय तथा विकासका आयोजनाहरुमा सूचनाको हक कार्यान्वयन गरिने छ ।

४. दुर्गम क्षेत्र अन्तर्गत रहेको यस पालिकामा कार्यरत कर्मचारीहरु लाई टिकाई राख्नको लागि कर्मचारी प्रोत्साहान निती लिईने छ ।

**राजश्व तथा वित्त व्यवस्था सम्बन्धी नीति**

१. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

२. गाउँपालिकाको आन्तरीक राजश्व वृद्धि गरी ऐनले तोकेको शर्तहरुमा रहि करको दायरा फराकिलो बनाइनेछ ।

**कानुन तथा मानवअधिकार सम्बन्धी नीति**

१. सूचना प्रविधिको प्रयोग गरी न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
२. आप्रवासी कामदार तथा तिनीहरुको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ ।
३. गाउँपालिकाबाट जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।
४. गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ।
५. मनोविज्ञान र मनोसामाजिक परामर्श कार्यक्रम सचालन गरिनेछ ।
६. चामे गाउँपालिकाको ५ वटै वडाहरुमा मेलमिलाप कर्ताहरुलाई तालिम दिई सकेको छ, प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

**कृषि तथा पशुपालन सम्बन्धी नीति**

१. चामे गाउँपालिकाको कृषकहरुलाई कृषि पेशामा आकर्षित गर्न समयमा नै उन्नत तरकारीको विउ, प्राङ्गरिक मल, निलोतुथो तथा चुना, विषादी तथा भिटामिन सहज रुपमा वितरण को व्यवस्था मिलाईने छ ।
२. गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने कृषक उपजहरुको सहज भण्डारण गरी तुलनात्माक रुपमा बजार मुल्य बढि हुने समयमा बिक्रि गर्नको लागि आगामि आ.व. देखि चामे गाउँपालिकाको वडा नं. १ मा रहेको सित भण्डार संचालनमा ल्याईने छ ।
३. कृषि पेशामा आकर्षित गर्नको लागि कृषकलाई यान्त्रिकरण र विशेष प्रोत्साहन गरिनेछ ।
४. स्थानीय समुदायहरूलाई कृषक समुह/फर्म/सहकारि गठन गर्न प्रोत्साहित गरिनेछ ।

५. स्थानीयस्तरमा उत्पादन गरिने रैथाने बालिको उत्पादन तथा प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिने छ।
६. किसान सूचिकरण कार्यलाई प्रभावकारी बनाउदै किसान वर्गिकरण र परिचयपत्र वितरण कार्य संचालन गरिने छ ।
७. कृषि तथ्याङ्कलाई व्यवस्थित रुपमा राख्नको लागि कृषि तथा पशुपंक्षि तथ्याङ्क अध्यावधिक कार्यक्रम संचालन गरिने छ ।
८. चामे गाउँपालिका भित्र नयाँ फलफुल बगैचा स्थापना गर्न विभिन्न किसिमका फलफुलका विरुवाहरु अनुदानम, दिईने व्यवस्था मिलाईने छ।
९. चामे गाउँपालिकाको कृषकको क्षमता अभिवृद्धि गरी उन्नत स्याउ खेति प्रवर्द्धन गर्न कार्यक्रम संचालनमा ल्याईने छ ।
१०. स्थानीयस्तरमा उत्पादन गरिने खाद्यवस्तुहरूको बजारीकरण गर्न प्रोत्साहन तथा कार्यक्रम सञ्चालन ल्याइने छ।
११. चामे गाउँपालिकाको घोडा र खच्चड स्वास्थ्य परिक्षणको लागि सिविर संचालन गरिने छ ।
१२. याक चौरी तथा छुर्पि प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइने छ।

**सामाजिक विकाससँग सम्बन्धि नीति**

१. जेष्ठ नागरिक, दलित,अपाङ्ग तथा बालबालिकालाई सम्मान कार्यक्रम गरिने छ।
२. महिलाहरुलाई सीपमुलक तालिम दिई आयआर्जनका क्रियाकलापमा सहभागी गराईनेछ।
३. गाउँपालिका द्वारा विभिन्न दिवसहरुलाई कार्यक्रमको रुपमा सञ्चालन गरी मनाइने छ ।

## खेलकुद सम्बन्धी नीति

१. गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको विकासको लागि खेलकुद क्लबहरूसँगको सहकार्यमा खेलकुद प्रतियोगीताहरू आयोजना गरिनेछ।
२. चामे गाउँपालिकाका युवाहरुलाई विभिन्न क्षेत्रका राष्ट्रिय कलाकार तथा राष्ट्रिय खेलाडी विच खेलकुद कार्यक्रम संचालन गरिने छ ।

## खानेपानी सम्बन्धी नीति

१. चामे बजारक्षेत्रको खानेपानी आपुर्तीलाई व्यवस्थापन गरी पुर्ण रुपमा संचालन गरिनेछ ।
२. चामे गाउँपालिकाको थानचोकमा वृहत खानेपानी आयोजना संचालन गरी खानेपानी सरल र सहज रुपमा घरहरुमा पुय्याइने छ ।

## विपद व्यवस्थापन सम्बन्धी नीति

१. चामे गाउँपालिकाको विपद जोखीम न्युनीकरण तथा व्यवस्थापनको लागि आवश्यक सामाग्री खरिद गरी राखिने छ ।
२. विपद व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वल बाट समुदाय तथा विद्यालयस्तरमा विपद सचेतना, उद्दारको अभ्यास कार्य सम्बन्धी अभिमुखीकरण गराईने छ ।
३. गाउँपालिका क्षेत्र भित्र विपद बाट हुने जनधनको क्षति न्युनिकरण गरि विपद व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन स्थानीय विपद जोखिम न्युनिकरण रणनितिक कार्ययोजना र विपद पुर्वतयारी तथा प्रतिकार्य योजनालाई क्रमशः कार्यान्वयन गरिनेछ ।
४. चामे गाउँपालिकाको विपद जोखीम न्युनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गरी जारी गरिनेछ ।
५. प्रकोप व्यवस्थाप कोष खडा गरि रकम जम्मा गरिने छ ।

## सूचना प्रविधि सम्बन्धी नीति

१. गाउँपालिकाको जनप्रतिनिधी तथा कर्मचारीलाई क्षमता विकास तथा सूचना प्रविधि मैत्री बनाउनको लागि एआई, साईबर सुरक्षा, डिजिटल शासन तथा कम्प्युटर सम्बन्धी तालिम संचालन गरिने छ ।
२. चामे गाउँपालिकाको तथ्यगत विवरण सम्पुर्ण व्यक्तिको पहुचको लागि डिजिटल पाश्वचित्र निर्माण गरिने छ ।
३. चामे गाउँपालिकामा प्रयोग भएको सफ्टवयर सुरक्षाको सुनिश्चितताको लागि सफ्टवयर अडिट गरिने छ ।
४. प्रविधिमा आधारित शासन प्रणालीको अवलम्बन र अभ्यास कार्यलाई अगाडि बढाइनेछ ।
५. गाउँपालिकाबाट प्रवाह हुने सार्वजानिक सेवामा सूचना तथा संचार प्रविधिको उपयोग गरी विद्युत्तीय सुशासन प्रवर्धन गरिने छ ।
६. गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माण सम्बन्धी कार्यमा सर्वसाधरणको पहुँच वृद्दि गर्न आयोजना स्थलमा सूचना पार्टीको व्यवस्था गरिनेछ ।
७. योजना व्यवस्थापन तथा सूचना प्रणाली लागु गरी योजनाका सम्पुर्ण कार्य अनलाईन बाट गरिने छ।
८. पालिका तथा वडा स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ ।
९. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरि विद्युत्तीय सुशासनमा प्रबर्द्धन गरिने छ ।

## सीप विकास तथा उद्यमशिलता प्रवर्धन सम्वन्धी नीति

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत सीप सिक्न ईच्छुक स्थानीय वासीहरुलाई स्वरोजगार मुखी (सिलाईवुनाई, बेकरी, हाउस किपिंङ, व्युटिसियन आदि) कार्यक्रम संचालन गरिनेछ ।

**अन्त्यमा,**

चामे गाउँपालिकालाई जन अपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, प्रविधिको उच्चतम प्रयोग गरी चामे गाउँपालिकालाई समृद्ध पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। चामे गाउँपालिकाभित्र अथाह सम्भावना बोकेको कृषि, पर्यटन तथा जलाधारको अधिकतम सदुपयोग गर्न गाउँपालिकाको नेतृत्व प्रतिबद्ध रहनेछ । साथै चामे गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गाउँपालिका कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दलहरु र सम्पुर्ण चामेबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हृदयदेखि धन्यवाद दिन चाहन्छु। यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको साथ, सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दै यो सम्बोधन यही अन्त्य गर्दछु। धन्यवाद।